केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०१/०७०/७१ मिति: २०७०/०४/२७

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

आर्थिक वर्ष २०७०।७१ को मौद्रिक नीतिमा उल्लेख भएका निम्न लिखित व्यवस्थाका सम्बन्धमा यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाको लागि देहाय बमोजिमको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**१. खुद्रा कर्जा सीमा सम्बन्धमा**

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी निर्देशन, २०७० को निर्देशन नं. ३ को बुँदा न. ३.२ को खण्ड (क) र (ग) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छः-

*"(क) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय संचालन गर्न प्रति समूह सदस्य बढीमा एक लाख रुपैयासम्म लघुकर्जा उपलव्ध गराउन सकिने छ। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा यस्तो सीमा एक लाख पचास हजार रुपैया कायम गरिएको छ।*

*(ग) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय संचालन गर्न प्रति समूह सदस्य बढीमा रु. तीन लाख रुपैयासम्म लघुकर्जा उपलव्ध गराउन सकिने छ। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा यस्तो सीमा चार लाख रुपैया कायम गरिएको छ।"*

**२. लघुकर्जा कारोवारको कर्जा सूचना आदान प्रदान सम्बन्धमा**

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी निर्देशन, २०७० को निर्देशन नं. १२ मा रहेको व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको छः-

*"१२. कालोसूची र कर्जा सुचना सम्बन्धी व्यवस्था:*

*लघुवित्त वित्तीय संस्थाले रु. ५० हजारभन्दा बढीको लघुकर्जा कारोबार गर्दा सम्बन्धित शाखा कार्यालयको कार्यक्षेत्र (कर्जा प्रवाह हुने क्षेत्र) मा कार्यरत यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थासँग एक आपसमा अनिवार्य रुपमा कर्जा सूचना आदान-प्रदान गर्नुपर्ने छ।*

*साथै, लघुवित्त वित्तीय संस्था, यस बैंकबाट अनुमतिपत्रप्राप्त सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर सरकारी संस्थाहरुले कुनै व्यक्ति/समूह सदस्य/समुहलाई रु.५० हजार भन्दा बढी कर्जा प्रदान गर्दा सम्बन्धित शाखा कार्यालयको कार्यक्षेत्र भित्र पर्ने लघुवित्त वित्तीय संस्था, यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर सरकारी संस्थाहरुबाट ग्राहकको कर्जा सम्बन्धी सूचना लिनु/दिनु पर्ने व्यवस्था गर्नु पर्ने छ। यसरी कर्जा सूचना लिँदा/दिँदा ग्राहकसँग सो वापत कुनै किसिमको शुल्क लिन पाइने छैन।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*<u>द्रष्टब्य:</u>*

*यस प्रयोजनको लागि कार्यक्षेत्र भन्नाले आफू कार्यरत नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाको हकमा सीमाना जोडिएका वडा र गा.वि.स.हरु तथा गाउँ विकास समितिको हकमा सीमाना जोडिएका गा.वि.स र नगर/उपनगर/महानगर पालिकाका वडाहरु सम्झनु पर्छ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।